स्वामीजीको कलाचेत



सुवास आचार्य

पृष्ठभूमि

स्वामी चन्द्रेश नेपाली आध्यात्मिक जगत्को एक सुपरिचित नाम हो । दर्शन, कला, साहित्य र सङ्गीतमा समानान्तर प्रतिभा रहेका स्वामी चन्द्रेशको विशेषत कलाका विषयमा उल्लेख्य सामग्री प्रकाशित भएको पाइँदैन । एक तपस्वीको अन्तर्हृदयका भावहरूलाई रङ्ग र रेखाको माध्यमबाट भएका अभिव्यक्ति नै योगी चन्द्रेशका कृतिहरू हुन् । एक हठी साधक जसको जन्म बङ्गाल, बाल्यकाल भारत बित्यो र साधना नेपालमा भयो साथै जसको युवा उमेर शिवपुरीको जङ्गलमा दुई दशक लामो समय तपस्यामा बित्यो, त्यस्ता त्यागी र तपस्वीको हृदयको अभिव्यक्तिलाई सैद्धान्तिक तवरले समीक्षा गर्नु चुनौतीपूर्ण कार्य हो । यस आलेखमा योगी चन्द्रेशको नभई कलाकार चन्द्रेशको सृजनाहरूको प्राज्ञिक तवरले सकारात्मक चर्चा, कलाकारको कलाप्रतिको दृष्टिकोण, कला सङ्ग्रहालय तथा पङ्क्तिकारसँग भएका केही संस्मरणका विषयहरू समेट्ने प्रयास गरिएको छ ।



कला सृजनामा रमिरहेका कलाकार चन्द्रेश बायाँ, कलाकार स्वयंको सृजना Self Potrait बीचमा तथा आश्रम, विद्यालय र सङ्ग्रहालयको लोगोको रूपमा प्रयोग भएको वैश्वानर पुरुष शीर्षकको चित्र दायाँ

बाल्यकाल र कला प्रेरणा

भारतको पश्चिम बङ्गाल राज्य, कलकत्ता नजिकैको बहरमपुरमा बाल्यकाल बितेका कलाकार चन्द्रेशमा बालककालमा नै चित्रकलाको प्रभाव परेको देखिन्छ । बङ्गाली समाजमा कला, साहित्य र सङ्गीतको विशिष्ट सम्मान रहेको छ । हरेक परिवारमा कुनै न कुनै कला, साहित्य वा सङ्गीतको प्रतिभायुक्त व्यक्ति फेला पर्नु सामान्य विषय झैँ पाइन्छ ।

सन् १८३५मा स्थापित कलकत्ता क्षेत्रकै पुरानो विद्यालयको रूपमा परिचित घर नजिकैको बडिषा माध्यमिक विद्यालय, कलकत्तामा ७ वर्षको उमरको विद्यार्थी रहँदा नै चित्र बनाउन शुरू गरेका कलाकार चन्द्रेशको कलाको जग नै विद्यालयदेखि आरम्भ भएको मान्न सकिन्छ। विद्यालयमा नियमित रूपमा चित्रकलाको अध्ययन हुने गर्दथ्यो । कलाको तीव्र रुचि भएका चन्द्रेशलाई विद्यालयमा कला शिक्षकका कक्षाहरू मात्र पर्याप्त नलागेर घरमा पनि कला सृजनाको अभ्यास गर्ने गर्दथे । यसै क्रममा उहाँको आँखा विद्यालयको बाटोमा रहेको एउटा सानो ग्यालरीका पऱ्यो । विद्यालय आउजाउ गर्ने बाटोमा रहेको अजित नामका २३ वर्षे, कलेज तहका कलाका विद्यार्थी युवाले बनाएका चित्रहरू देखेर बालक चन्द्रेशमा ठूलो प्रभाव पऱ्यो । उनी ती कलाकारले कसरी पेन्सिल समाउँछन्, रेखा कोर्दछन् र रङ्ग लगउँछन्, प्रकाश र छायाँको समायोजन गर्दछन् भनेर दैनिक जसो राम्रोसँग नियालेर हेर्न गर्दथे । समयसमयमा ती कलाकारले चन्द्रेशलाई मोडलको रूपमा एउटै आसनमा घण्टौंसम्म बस्न लगाएर चित्र कोरेको अनुभव पनि बालकलाकार चन्द्रेशमा रहेको छ । कलाप्रतिको बालमोह र भाग्यवश जुरेको यो अवसरले चन्द्रेशमा कलायात्राको बलियो जगको काम गरेको देखिन्छ । अधिकांश समय चित्र सृजनामै बिताउन लागेपछि परिवारमा विशेषतः चन्द्रेशका पिताजीलाई कतै आफ्नो छोराले पढाइ बिगार्छ कि भन्ने चिन्ता राखेबाट चन्द्रेशको चित्रप्रति कुन तहको मोह, लगाव थियो भन्ने कुराको मूल्याङ्कन गर्न सकिन्छ ।

त्यस्तै १२ वर्षको उमेरमा उनको भेट नयाँ कलाकार सुबोध खानसँग हुन पुग्यो । घर नजिकै विद्यालय जाने आउने वाटोमा कलाकार सुबोध खानको स्टुडियोमा कलाजन्य गतिविधि दैनिकजसो देखिराखेका बालक चन्द्रेशलाई स्टुडियोका भित्ताहरूमा झुन्ड्याइएका चित्रहरूले अति नै आकर्षित गरिरहेका थिए, मोहित बनाइरहेका थिए । स्टुडियोको खुल्ला ढोकाबाट जिसस क्राइष्टको क्रुशमा झुन्डिएको चित्र देखेर मन थाम्न नसकेर उहाँ एक दिन विद्यालय पोशाकमै स्टुडियो भित्र प्रवेश गर्नुभयो । यो भेट उहाँको कला यात्राको महत्त्वपूर्ण विन्दु बन्न पुग्यो ।

यो स्टुडियोमा नाटक, साहित्य, सङ्गीत, वादनजस्ता विषयमा जमघट भइ नै रहन्थ्यो । समयसमयमा सङ्गीत र गायनका कार्यक्रमहरू भइरहन्थ्ये । यही समयदेखि नै यी विषयहरूको प्रभाव बालकलाकार चन्द्रेशमा परेको थियो । सुबोध खान कर्मशील र दयालु स्वभावका व्यक्ति थिए । जीवनमा गरीब, दुःखी र असहायलाई माया र मद्दत गर्नु, आफ्नो समाजलाई शिक्षा र अर्थनीतिमा अगाडि बढाउन प्रयास गर्नु हरेका मानवको साझा कर्तव्य हो भन्ने दुवैमा समान धारणा रहेको थियो । यही वैचारिक समानताले हुनुपर्दछ गुरु चेलाको घनिष्ठता एक असल मित्रको बरावर थियो । गुरुले हृदयदेखि नै कला सिकाइरहेको अनुभूति चन्द्रेशमा थियो । विन्सन एण्ड न्यूटन कम्पनीका महँगा ब्रस र रङ्गहरू निसङ्कोच चलाउन दिएकाले आफूलाई त्यस्तो अनुभूति भएको प्रसङ्ग स्वामी चन्द्रेशले आफ्नो प्रकाशोन्मुख आत्मवृत्तान्तमा व्यक्त गर्नुभएको छ ।

फुर्सद हुनेबित्तिकै उहाँको वास नै स्टुडियोमा हुन गर्दथ्यो । एक कुशल कलाकारको रूपमा स्थापित हुन कलाकारले मोडलबाट तथा प्रकृतिका विविध ठाउँमा गएर प्रत्यक्ष दृश्य हेर्दै चित्र बनाउने अभ्यास जरुरी रहेको छ । यही विषयलाई आत्मासात् गर्दै दुवै जना समयसमयमा तालको छेउछाउ, गाउँ, मठमन्दिर, मस्जिद तथा घरबाट करिब २० किलोमिटर टाढा रहेको लालवाग स्थित मुसलमान राजाहरूका पुराना दरवारमा जाने र स्थलगत चित्रहरू कोर्ने गर्दथे ।

यसरी बाल उमेरमै वालक चन्द्रेशले सुवोध खान गुरुबाट चित्रकलाको राम्रो ज्ञान, सीप हासिल गर्ने मौका प्राप्त गरेको देखिन्छ । यी समयमा स्वामी चन्द्रेशमा चित्रकला तथा साहित्यमा गहिरो रुचि देखिन्छ । एकातिर ठूलो चित्रकार बन्ने सपना त अर्कातिर साहित्य रचनाको गहिरो कल्पना । समग्र जीवनमा हेर्दा उनको समान कलम चलेको देखिन्छ ।

बिक्री भएको पहिलो चित्र

एक घटनाले बालकलाकार चन्द्रेशको कला क्षमताको उचाइलाई बताउँछ । एक दिन आफ्ना नरमपन्थी गान्धी समर्थक पिताले 'तेरो आर्टको गुरु सुबोध खानबाट पूर्णकदको गान्धीको चित्र बनाएर ल्याइदे म आवश्यक खर्च दिन्छु ।' भनेर अनुरोध गरे । राजनैतिक हिसाबले चरमपन्थी सुभाषचन्द्र वोसको समर्थक कलाकार चन्द्रेशले कलागुरु सुबोध खान स्टुडियोमा नभएको समयमा छोटो समयमा नै पिताजीले भनेबमोजिम महात्मा गान्धीको हुवहु चित्र बनाएर दिए । पिताजीलाई आफूले बनाएको भनेनन् । पिताजीले पैसा दिए । त्यो चित्र नै कलाकार चन्द्रेशको विक्री भएको पहिलो चित्र थियो । गुरु नभएको मौका छोपी तयार पारेको चित्र र किन्ने आफ्नै पिताजी । सृजनाको दृष्टिकोणमा नैतिकता कहिलेकाहीँ गौण बन्न पुग्दछ भन्ने उदाहरण कलाकार चन्द्रेशको यो घटना बन्न पुगेको देखिन्छ ।

पहिलो चित्रकला प्रदर्शनी

कलाकार चन्द्रेशको पहिलो एकल चित्रकला प्रदर्शनी २०५० भाद्र ३० गते जे.आर्ट ग्यालरी, ठमेल काठमाडौंमा सम्पन्न भएको थियो । Paintings from Shivapuri Hills शीर्षकमा भएको प्रदर्शनीमा जलरङ्ग, तेलरङ्ग र रेखाचित्रका माध्यमबाट सृजना गरिएका ३२ कलाकृतिहरू प्रदर्शित भएका थिए । यथार्थवादी तथा अति यथार्थवादी चित्रहरू मूलतः प्रकृति, अध्यात्म र भावनात्मक विषयवस्तुसँग केन्द्रित रहेका थिए । करिब २ वर्षको अवधिमा तयार पारिएका कलाकृतिहरू यस प्रदर्शनीमा समावेश गरिएको थियो । यो प्रदर्शनी कलाकारको जीवनकालकै प्रमुख प्रदर्शनीको रूपमा रहेको पाइन्छ । तत्कालीन मिडियाले यो प्रदर्शनीलाई स्थान दिएको थियो । हरेक व्यक्ति हरपल आन्तरिक सुख प्राप्तिमै रहेको दार्शनिक विषयलाई कलाले समेटेको सन्दर्भ तत्कालीन मिडियाले प्राथमिकताको साथ प्रस्तुत गरेको देखिन्छ ।

> "As a prolific painter , this is Swami's first major exhibition. The varied canvases in oil and water colour reflection an idealism in which man is constantly seeking inner perfection. "
>
> **- The Kathmandu Post, September 17, 1993 , Friday**

कलाप्रतिको दृष्टिकोण

कलाकारको तपस्या भनेको कला सृजना नै हो र कलाबाट नै कलाकारको मुक्तिको द्वार खुल्दछ भन्ने मान्यता राख्ने कलाकार चन्द्रेशको कला प्रतिको दृष्टिकोण पूर्वीय दर्शनबाट प्रभावित भएको पाइन्छ । वेदान्तको मायावादले स्वप्न मानेको व्यावहारिक संसारलाई, चित्रवत्को रूपमा बुझ्न सकिने धारणा कलाकारको रहेको छ । शिल्पको सैद्धान्तिक पक्ष र वेदान्तको ब्रह्मदृष्टिको समानतालाई मिहिन ढङ्गले केलाउँदै यी दुई विषयहरू एक आपसका प्रतिकूल नभई अनुकूल रहेको फराकिलो धारणा कलाकारको रहेको छ ।

"मानिसले यदि यो विश्वलाई छविको दृष्टिमा हेर्न सक्यो भने उसको काम, क्रोध, लोभ आदि कुप्रवृत्तिहरू अवश्य नै घट्दै जान्छ । संसारलाई तस्वीरको रूपमा वेदान्तमा मायावादको प्रथम चरण हो भनिएको छ । वेदान्तले संसारलाई स्वप्नवत् ठान्दछ भने हामी संसारलाई चित्रवत् ठान्न सक्छौं, यसमा केही फरक छैन । अतः यी कुराहरूको तात्पर्य के हो भने, शिल्पदृष्टि वेदान्तको ब्रह्मदृष्टिको प्रतिकूल होइन, वश विशेष रूपमा अनुकूल नै सावित हुन्छ ।"

(अध्यात्मप्रसाद, पृ.२४०)

कला उपभोगलाई लिएर अर्थात् कलालाई समग्र रूपमा बुझ्ने सन्दर्भमा पूर्व र पश्चिमको फरक धारणा रहेको छ । पूर्वमा कला साधना, उपासना र ज्ञानको साधनको रूपमा रहेको छ । कतिपय सन्दर्भमा अनिवार्य उपासनाको विषय रहेको छ, तर पश्चिमका सन्दर्भमा यो सौन्दर्यको साधनको रूपमा रहेको छ । पूर्वको लागि आवाश्यकता हो भने पश्चिमका लागि रुचिमात्र झैं देखिन्छ । यही प्रभावको प्रतिफल हुन सक्दछ, कलाप्रतिको आमधारणालाई पनि कलाकारले आफनै अनुभवको कसीमा तौलनुभएको छ ।

" हिन्दुहरूमा धेरै मूल्य तिरेर चित्र किन्ने प्रवृत्ति देखिदैन तर उनिहरूले मन्दिर, साधु, देवताको नाममा, विशाल पैसा खर्च पनि गर्दछन् र पर्‍यो भने ज्यान पनि दिन्छन्, गुरुलाई आत्मसमर्पण गर्दछन् । मेरो आफ्नै सामाजिक काममा पनि गुरुको रूपमा नेपालका धनी-गरीव, क्षत्रिय -ब्राह्मण तथा अन्यान्य भक्तहरूले करोडौंको सम्पत्ति अर्पण गरेको प्रत्यक्ष अनुभव पाएँ । यिनीहरूले मेरो चित्रकलाको प्रशंसा त गर्छन् तर किन्ने प्रवृत्ति कसैमा देखिदैन । त्यसै श्रद्धाले किन्ने भन्दा बढी अर्थ प्रदान गरिदिन्छन् ।"

(अध्यात्मप्रसाद, पृ.२३८)

चित्रकलाको मूल्य यकिन हुन सक्दैन । सृजनालाई केका आधारमा मूल्य निर्धारण गर्ने ? यो त व्यक्तिको रुचि हो । आज विश्वमा चित्रकलाको मूल्य धेरै बढिरहेको पाइन्छ । मानव अभिव्यक्तिको पहिलो सृजनात्मक प्रस्तुति नै चित्रकला हो । भाषा, लिपि, मूर्ति आदिको विकास हुनुपूर्व नै चित्रकलाको विकास भएको पाइन्छ । मानिसले आफ्नो हृदयको अभिव्यक्ति नै प्रत्यक्ष रूपमा कला सृजनामा प्राप्त गर्दछ । कलामा मानिसको कल्पना र ध्यान प्रवृत्तिलाई उद्वेलित गर्ने सृजना शक्ति निहित रहेको हुन्छ । स्वामी विवेकानन्दको भनाइ सापटी लिंदै कलाकार एक प्रसङ्गमा एक जना साधुले आफूलाई चित्रकार भएकै कारण सजिलै ध्यान लाग्छ भनेको विषय यसरी स्मरण गर्नुहुन्छ :

"स्वामी विवेकानन्दको भनाइ छ कि यो संसारमा सबभन्दा उपभोग्य तत्त्व नै चित्रकला हो किनभने यो आँखासित सम्पर्कित छ र आँखा हाम्रो मनको सबभन्दा नजिकको तत्त्व हो । मलाई पनि एकजना उच्च शिक्षित भक्त साधुले भन्नुभएको थियो - तिमीले चित्रकला जानेका रहेछौ, तिमीलाई सजिलैसँग ध्यान लाग्छ ।"

(अध्यात्मप्रसाद, पृ.२३८)

सृजनासँगसँगै हृदय निर्मलता र निष्काम कर्म कलाकारका लागि आवश्यक रहेको छ । कला साधनाद्वारा नै मुक्तिको द्वार पार गर्न कलाकार सक्षम रहेको छ ।

"हृदयमा वैराग्य र श्रद्धा भएको व्यक्तिले शिल्प, साहित्य, कला वा ध्यान जुनसुकै एउटा तत्त्वलाई निष्काम भावले अवलम्बन गरी ईश्वरको मार्गमा अघि बढ्न सक्दछ ।"

(अध्यात्मप्रसाद, पृ.२४०)

कलाकार योगी चन्द्रेश शिल्पकला प्रतिभा भएको व्यक्तिले पूर्ण उद्यमका साथमा कला अभ्यास गर्दा ज्ञान र धर्ममा बाधा नहुने धारण राख्नुहुन्छ । 'सांख्ययोगौ पृथग्वाला प्रवदन्ति न पण्डिताः' अर्थात् सांख्य र योग भिन्न हो भन्ने कुरा बालकहरूले मात्रै मान्दछन् । पण्डितहरू यस्तो कुतर्कको विश्वास गर्दैनन् । चरित्र र सृजना एक सिक्काका दुई पाटाहरू हुन् । जति उत्कृष्ट सृजना गरे तापनि सर्जक नशामा लुप्त वा नैतिक पतन भएमा व्यक्तिको आध्यात्मिक उन्नति हुन सक्दैन ।

कलाको विकास क्रममा विभिन्न वाद, शैली र प्रयोगहरूको उदय तथा अस्त हुने क्रम चलि नै रहेको छ । आधुनिक कला जगत्मा पछिल्लो समय एक सशक्त तर विवादास्पद रूपमा उदाएको वाद हो इम्प्रेसनिज्म (Impressionism), तथा आधुनिक कला (Modern Art) । यी नवीन वादका नाममा भएको विकृतिको विषयमा कलाकारको आलोचनात्मक टिप्पणी रहेको छ । योग्यता र समर्पणविनाको नक्कलले सृजना विकृत वन्न पुग्दछ । कलाकारकै शब्दमा-

"आधुनिक कला जगत्मा मोर्डन आर्ट वा इम्प्रेसनिज्मको नाममा जुन विकृत शिल्पकला यत्रतत्र भेटिन्छ, तिनीहरू अधिकांश नै त्यति महत्त्वपूर्ण जस्तो लाग्दैन । अन्तर निहित भावलाई प्रकाशित गर्नु भनेको मतलव बाह्य रूपलाई अनावश्यक विकृत पार्नु भनेको होइन । अर्थात् रूप विकृत गर्ना साथ भाव प्रकाशित हुन्छ भन्ने कुनै कुरा छैन । श्री राधाले कृष्णको चिन्तन र नाममा निमग्न हुनुको कारणले उहाँको शरीरमा लगाएको वस्त्र नै कुन वेला खुस्कियो भन्ने पत्तै पाउनुहुदैनथ्यो । फेरि अरू जो कोही मानिसले जानाजान लगाएको वस्त्र खुस्काएर राधाले गरे जस्तै कृष्णको नाम उच्चारण गर्छु भनेर चिच्याउन लाग्यो भन्दैमा श्री राधा जस्तो भक्त हुन सक्दैन । आधुनिक कविताको क्षेत्रमा पनि यस्तै कुरा देखिन्छ । केवल जटिल बनाएर केही शब्द र वाक्यहरूको प्रयोग गर्ने बित्तिकै विशिष्ट श्रेणिको कविता बन्न सक्दैन ।"

(अध्यात्मप्रसाद पृ.२४०)

आफ्नो कला सृजना ध्यानका लागि हुन् भन्ने बलियो धारणामा कलाकार अडिग देखिनुहुन्छ । ध्यान नै आध्यात्मिक उन्नयनको द्वार हो । रचनाहरू आफ्नो स्व-प्रकृतिको स्वतन्त्र चिन्तन प्रवाह हुन् । आफ्नो पहिलो चित्रकला प्रदर्शनीमा कलाकार योगी चन्द्रेशले दिनुभएको अभिव्यक्तिमा उक्त धारणहरू समेटिएका छन् । मानवीय मूल्य, अध्यात्म, समाज, राजनीति रचनाका विषय रहेका तर शहरी रमझम आफ्नो रचनाको विषयवस्तु हुन नसकेको कुरा पनि कलाकारले प्रष्ट राखेका छन् ।

"I paint pictures for meditation. Meditation is the only way one can achieves spiritual growth ......We live in idealism and they live in pragmatism . I observe, feel and mediate and let my imagination flow my paintings are true to my nature. "

- The Kathmandu Post 'Discovery of Self on Canvas , Sep. 17, 1993, Friday

"All my art carries some meaning. Sometimes I visualize that in my dreams and meditation and I begin to work and in most cases I cannot stop without completing it, but the bigger oil painting indeed need sometime. The meaning that is reflecting in these paintings is mostly spiritual. Some political, some on human principles, a few on landscapes, mountainscapes but I have never done cityscapes , for most of my life has been spent with nature, spiritual reflection and principles of human life. So, what you eat, you belch none other."

(अप्रकाशित जीवन वृत्तान्तबाट साभार)

कलाकृतिहरूको समीक्षा

विधागत रचना तथा माध्यमका दृष्टिले कलाकार चन्द्रेशका रचनाहरू बहुविधाका रहेका छन् । तैल रङ्ग, जल रङ्ग, पेन्सील ड्रइङ्ग, एक्रेलि, पेन एण्ड इंक, पोष्टर कलर, क्यानभास, कागज, कार्डबोर्ड, प्लाइउड विविध माध्यमको उपयोगमा रचना भएको देखिन्छ । यसरी बहुमाध्यममा समानान्तर स्तरका रचना सृजना गर्न सक्नु कलाकार चन्द्रेशको प्रशंसायोग्य विशेषता रहेको छ । चित्रकला मात्र नभई उहाँको रचना पेवल आर्ट तथा मूर्ति तथा शिल्पकलामा पनि उत्तिकै सबल देखिन्छ । केही मूर्तिहरू तथा भायलिन निमार्णमा पनि कलाकारको सक्रियता देखिन्छ ।




कलाकार चन्द्रेशले वनाएको मूर्ति वायाँ, शिल्पकलाको नमुना भायलिन दायाँ

कलाकारले आफ्नो योजना तथा संरक्षकत्वमा सञ्चालित आश्रम विद्यालयका प्राथमिक तहका केही पाठ्य पुस्तकहरू हातैले लेखेर तयार पारेका छन् । वाल मनोविज्ञानमा आधारित पाठ्यपुस्तकहरूमा विषय सन्दर्भगत चित्रहरू कोरिएका छन् । कार्टुन तथा व्यग्य चित्रहरू समसामयिक तथा सन्देशमूलक रहेका छन् । यसरी बहुविधामा कलाकारको सृजना बगेको देखिन्छ ।





आश्रम स्कूलका लागि तयार पारिएको कलाकार चन्द्रेशद्वारा हस्तलिखित पाठ्यपुस्तकका भित्री पृष्ठका तस्वीर

भावनात्मक, यथार्थवाद तथा पौराणिक, आध्यात्मिक विषयवस्तुबाट प्रेरित सृजना कलाकारको अर्को विशेषताको रूपमा रहेको छ । राष्ट्रिय एकता, अखण्डता, सांस्कृतिक जागरण, प्रकृति, इतिहास, पुराण, जनजीवन तथा दर्शनका विषयहरू कलाकार चन्द्रेशका चित्रहरूमा पाइन्छ । पौभा जस्तो परम्परागत कला विधामा पनि कलाकारको कुची चलेको देखिन्छ । हिन्दु तथा बौद्ध दर्शनमा आधारित विषयमा परम्परागत शैलीमा पौभा लेख्ने गरिन्छ । यो अति नै धैर्यवान् र

संवेदनशील तथा विशेष सीपयुक्त सृजनशील कार्य हो । यो सृजनाले कलाकारमा अन्तरनिहित कला क्षमतालाई प्रस्तुत गर्ने बलियो प्रमाणको रूपमा रहेको छ ।



कलाकार चन्द्रेशद्वारा सृजित करुणामय तारा वायाँ तथा विश्वरूप दर्शन शीर्षकको चित्र दायाँ

धर्म निरपेक्षताको खरो आलोचकको रूपमा आफूलाई उभ्याउँदै संवैधानिक रूपमा नेपाल हिन्दुराष्ट्र नै रहनुपर्दछ भनेर अभियान चलाएर नेपालका विभिन्न स्थानहरूमा जागरणका कार्यक्रम सञ्चालन गर्दै हिंडेका कलाकार चन्द्रेशमा नेपालको राजनीति तथा सामाजिक विकास र जागरणका विषयमा गहिरो अभिरुचि रहेको देखिन्छ । बङ्गाल-पाक युद्धको अन्तर्य बुझेका उनलाई धार्मिक दङ्गाले समाज कसरी तहसनहस हुन्छ भन्ने ज्ञान स्वयं आफ्नै अनुभवले प्राप्त छ । सायद यसैको प्रभाव हुनुपर्दछ नेपालको अस्वस्थ राजनैतिक उत्तरचढाव तथा धर्म निरपेक्षताको कलाकार चन्द्रेशले खुलेरै विरोध गरेको देखिन्छ । नेपालका यी परिवेशलाई लिएर उनले सन्देशमूलक तथा व्यङ्ग्यात्मक कार्टुनहरू सृजना गरेका छन् ।

कलाकार चन्द्रेशद्वारा सिर्जित समसामयिक राजनीतिसम्वन्धी दुई कार्टुन

साना साना ढुङ्गाहरूलाई भित्तामा टाँसेर बनाउने कलालाई सामान्यतया 'पेवल आर्ट' को नामले चिनिन्छ । बूढानीलकण्ठ आश्रमको भित्ताहरूमा ६ वटा पेवल आर्टहरू रहेका छन् । यी कलाहरू नेपालको परिवेशमा नवीन सृजनाको रूपमा लिन सकिन्छ । पेवल आर्ट कलाकै रूपमा नेपालको यो नै विरलै प्राप्त सृजनाको रूपमा रहेको छ । भारतका सवालमा यो किसिमको कलाको प्रयोग सामान्य रहे तापनि नेपालका सवालमा नवीन प्रयोगको रूपमा रहेको छ । पेवल आर्टमा पनि

कलाकार चन्द्रेशमा अध्यात्मकै प्रभाव देखिन्छ । आश्रमको मुख्य भवनको अग्रभागमा भित्ता भरिको ॐ पेवेल आर्टको रूपमा सृजित देखिन्छ । हरेका ढुङ्गाहरूमा तैल रङ्गको माध्यमबाट विविध आकृतिहरू कोरिएकाले यो कलाकृति आश्रम प्रवेश गर्ने जो कोहीको मुख्य आकर्षणकै रूपमा रहेको छ ।



कलाकार चन्द्रेशद्वारा सिर्जित नेपालको परिवेशमा नवीन सृजनाको रूपमा रहेको पेवल आर्ट

वैदिक मूल्य मान्यतामा आधारित सन्यास मार्गमा रहे तापनि योगी चन्द्रेशको कलाको सुन्दर पाटो भनेको धार्मिक सहिष्णुता पनि हो । बाइबलमा आधारित मिथक, जिसस क्राइष्ट, इस्लाम तथा बौद्ध, जैन विषयवस्तुसँग सम्बन्धित चित्रहरू सङ्ग्रहालयमा सङ्ग्रहित रहेका छन् । यसले कलाकारमा गैर हिन्दुदर्शन तथा धर्मको राम्रो ज्ञान तथा सहिष्णु चिन्तन रहेको प्रष्ट हुन्छ ।

कलाकार चन्द्रेशको क्रमश इसाइ, वौद्ध तथा मुस्लिम दर्शनसँग सम्वन्धित चित्रहरू

योग, तन्त्र, उपनिषद्, षड्दर्शन, गीता तथा पौराणिक साहित्यका विषयवस्तुहरू नै कलाकार चन्द्रेशका अधिकांश चित्रहरूमा भेटिन्छन् । हरेक चित्रमा सौन्दर्य मात्र नभई कुनै युग चेतना, मनोविज्ञान र जागरणको विगुल फुकेर भित्ताहरूमा उभिएका सिपाइ झैँ भान हुने गर्दछ । ग्यालरीमा रहेका चित्रहरूलाई मात्र हेर्दा पनि एउटा साधुको मस्तिष्क कति रङ्गिन हुँदो रहेछ भन्ने ज्ञान हुन्छ । Nude/Semi nude (नग्न / अर्ध नग्न) चित्र पनि कलाकार चन्द्रेशका सृजनामा अटेको पाइन्छ । शर्मिष्ठा र उनका साथीहरू, एकान्तमा स्नान, प्राकृत स्वरूप, जङ्गलको वीर,

प्रकृतिसँग एकात्म, वासना, शान्ति र शक्ति शीर्षकका चित्रहरू नग्न तथा अर्ध नग्न रूपमा रहेका छन्। नग्नता र साधुत्वलाई बुझ्ने आमधारणा विपरीत रहे तापनि एउटा साधुका नजरमा समग्र विश्व ब्रह्मबाहेक केही होइनन्। वेदान्तको भाषामा भन्दा मायाको खेल मात्र। यत्ति हो योगी यो खेलका साक्षी हुन् भने भोगीहरू खेलाडी। जीवन कोर्ने साधुले चित्र कोर्दा कस्तो देखिन्छ। यो आम जिज्ञासा योगी चन्द्रेशका चित्रहरूले रङ्ग, रेखा र विम्बात्मक प्रस्तुति मार्फत दिएका छन्।





कलाकार चन्द्रेशको शर्मिष्ठा र उनका साथीहरू शीर्षकको चित्र वायाँ तथा मुण्डकोपनिषद्को प्रसङ्गसम्वन्धी जीवात्मा र परमात्मा शीर्षकको चित्र दायाँ

स्वामी चन्द्रेश चित्र सङ्ग्रहालय

कलाको संरक्षण कला सृजना जत्तिकै महत्त्वपूर्ण कार्य हो। करिब ५ दशक समय अवधिमा विभिन्न माध्यममा सिर्जना गरिएको कलाकार चन्द्रेशका कला सृजनालाई एउटा हलमा राखिएको थियो। यी चित्रहरू भौतिक रूपमा नष्ट हुने जोखिममा रहेका थिए। सामान्य फोटोकपी कागजदेखि लिएर, कार्डबोर्ड, प्लाईउड, कार्टेज पेपर तथा क्यानभासमा कोरिएका चित्रहरू अस्वाभाविक फ्रेम र सीसामा भित्र लामो समय कैद गरेर राख्दा कोठाको ओस तथा कीराले एक तिहाइ चित्रहरू कुनै न कुनै किसिमले नष्ट हुने अवस्थामा पुगेका थिए। मूलतः कागजमा कोरिएका चित्रहरूमा कीराले खान थालिसकेका थिए। यी चित्रहरूको कुनै क्याटलग पनि तयार भएका थिएनन्। यी सबै विषयलाई मध्यनजर गरेर कलाकार चन्द्रेशद्वारा सिर्जित चित्र, स्केच, इलस्ट्रेसन, कार्टुन, मूर्ति, पेवल आर्ट लगायतका सबै कालजन्य कामहरूलाई गुणस्तरीय क्यामराले खिचेर डिजिटल माध्यममा संरक्षण गरिएको छ।

पुराना फ्रेम र शिसा हटाएर आधुनिक आकर्षक फ्रेमहरूमा फ्रेमिङ गरी करिब ५०० भन्दा बढी कलाहरूबाट १०८ कलाकृतिलाई छनौट गरी आधुनिक प्रविधिमार्फत पुनरुत्पादन गरी एक व्यवस्थित सङ्ग्रहालयको स्थापना गरिएको छ। यो चित्र सङ्ग्रहालयको उद्घाटन संवत् २०७८ चैत्र ५ गते बूढानीलकण्ठ नगरपालिका नगर प्रमुख श्री उद्धवप्रसाद खरेलबाट भएको थियो। सङ्ग्रहालयमा मौलिक कृतिलाई नै राखिने भए तापनि कलाकृतिको भौतिक संरक्षणको व्यवस्था वैज्ञानिक ढङ्गले नहुन्जेल आम जिज्ञासु दर्शकलाई कलामार्फत प्रवाहित सन्देशको प्रवाह नरोकियोस् भन्ने उद्देश्यले हाललाई अस्थाई रूपमा नयाँ प्रविधिको उपयोग गरिएको हो।



चित्र सङ्ग्रहालयको उद्घाटनसँग सम्वन्धित अभिलेख

हाल सङ्ग्रहालयमा रहेका १०८ चित्रहरूको व्यवस्थित क्याटलग तयार पारिएको छ। क्याटलगमा चित्रको शीर्षक, चित्रको विधा, आकार, माध्यम, सृजना मिति, स्थान तथा स्वरूप र चित्र सन्देशको विस्तृत जानकारी उपलब्ध रहेका छन्। सङ्ग्रहालयमा चित्रका साथसाथै आम दर्शकले कलाकारलाई अझ नजिकबाट जान्न, बुझ्न सकून् भन्ने ध्येयले कलाकारका विविध दुर्लभ तस्वीर, दस्तखत, औँठा छाप, विद्यालय तथा आश्रमसँग सम्बन्धित गतिविधिका तस्वीरहरूलाई आकर्षक रूपमा प्रदर्शित गरिएको छ । सङ्ग्रहालय व्यवस्थापन सँगसँगै स्मृति सङ्ग्रहालय, कलाकार स्वामी चन्द्रेशको समग्र कलाको अनुसन्धान गरी पुस्तक प्रकाशन तथा वृत्तचित्र निर्माणको भावी योजना आश्रमको रहेको छ। कलाकार चन्द्रेशको कला व्यक्तित्वलाई अमर राख्न तथा उहाँका कलामार्फत व्यक्त सन्देशलाई आम जिज्ञासुहरूमा पुऱ्याउन तथा नयाँ पिँढीका कलाकारलाई प्रोत्साहन गर्न कलाकारको नाममा कला पुरस्कारको स्थापना गर्न जरुरी रहेको छ ।

चित्र सङ्ग्रहालयभित्रको दृश्य

कलाकार स्वामी चन्द्रेश बहुविधाको कलाकार रहेको कुरा उहाँका सृजनाहरूबाट देखिन्छ। स्थान अभावका कारणले यो सङ्ग्रहालयमा उहाँद्वारा सिर्जित कार्टुन, इलष्ट्रेसन र मूर्तिहरूलाई समावेश गरिएको छैन । कलाकारको भौतिक देहको आखिरिका दिनहरूमा व्यवस्थित गर्न खोजिएको यो सङ्ग्रहालयमा भएका सम्पूर्ण चित्रहरूको व्याख्या चित्रकार स्वयंले गर्नुभएको हो । यो वास्तवमा नै प्रशंसनीय विषय रहेको छ। कलाकारको भौतिक देह समाप्तिपछि यी कलाकृतिमा कलाकारको मौलिक दृष्टिकोण र व्याख्याको आशा सम्भव नै थिएन। यी कलाकृतिहरू नेपाली कला जगत्को अमूल्य निधिको रूपमा रहेका छन् ।

कला सङ्ग्रहालयलाई आधुनिक प्रविधियुक्त बनाउन आवश्यक रहेको छ । सङ्ग्रहालयका आवश्यक मापदण्डसहितको आधुनिक भवन जरुरी रहेको छ । एक फकिर तपस्वीले तयार गरेका आध्यात्मिक चित्रहरूको सङ्ग्रहालय सम्भवत: यो नै पहिलो हुन सक्दछ । यो सङ्ग्रहालयलाई नेपाली पर्यटनको नवीन गन्तव्यको रूपमा विकसित गर्नु उपर्युक्त देखिन्छ ।

सङ्ग्रहालयमा प्राप्त प्रतिक्रिया

स्वामी चन्द्रेश कला सङ्ग्रहालयमा दर्शकहरूले आफ्नो प्रतिक्रिया लेख्ने व्यवस्था रहेको छ । सङ्ग्रहालय भित्र रहेको आगन्तुक पुस्तिकामा दर्शकहरूले सङ्ग्रहालय अवलोकपछि आफ्नो प्रतिक्रिया र सुझाव लेख्न सक्दछन् । यहाँ प्राप्त भएका प्रतिक्रियाहरू कलाकार चन्द्रेशका कलाकृतिप्रति आम दर्शकका धारणा बुझ्ने एक प्रभावकारी माध्यम बन्न पुगेको छ । केही प्रतिनिधि प्रतिक्रियाहरूको यहाँ संक्षिप्त चर्चा गरिनेछ ।

बूढानीलकण्ठ मन्दिरका मठाधीश स्वामी निगमानन्द कलाकृति मार्फत स्वामी चन्द्रेश अमर रहेको धारणा राख्नुहुन्छ । उहाँकै शब्दमा -

"स्वामी चन्द्रेश महाराजज्यूबाट धार्मिक विषयमा कलाबाट विभिन्न प्रकारका ज्ञानहरू प्रदान गर्दै उहाँको भौतिक शरीर हामीमाझ नरहे तापनि उहाँका कलाकृतिहरूबाट अमर रहँदै सनातन वैदिक परम्पराको उद्‌गम स्थलको रूपमा यस भूमिलाई चिनाउन सफल परमहंस स्वामी चन्द्रेश्वरानन्द महाराजज्यू (स्वामी चन्द्रेश) प्रति अगाध श्रद्धासहित प्रेमले ओतप्रोत भएको छु । स्वामीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु ।"

(सङ्ग्रहालयमा रहेको प्रतिकिया पुस्तिकाबाट साभार)

स्वामी चन्द्रेशको कलाकार रूप अत्यन्त प्रभावशाली छ र यसले हामी सामान्य जनमा आध्यात्मिक प्रेरणा मिलोस् भन्ने धारणा गुरुदेवको नियमित मिर्गौला उपचारमा संलग्न राष्ट्रिय मिर्गौला उपचार केन्द्रका डाक्टर ऋषिकुमार काफ्ले तथा सुमन राउतको रहेको छ ।


केही वर्षको अन्तरालमा फेरी स्वामी चन्द्रेशज्यूको आश्रममा भ्रमण गर्ने अवसर मिल्यो । म र मेरी धर्मपत्नी श्रीमती पार्वती पुडासैनीले स्वामी गुरुजनज्यू र ब्रह्मचारिणी प्रेमस्वरूपज्यू संगको सामिप्यता पाउँदा मन आनन्दित पुलकित भयो । आश्रममा विद्यमान शान्त र सुन्दर वातावरणले हामी दुवै अत्यन्त खुसी भयौं । स्वामी गुरुजनज्यूको नेतृत्वमा आश्रमको गरिमा अझ बढ्दै जानेछ भन्नेमा हामी विश्वस्त छौं ।

डा. दामोदर पुडासैनी
पार्वती पुडासैनी
२०८० मंसिर ३ गते आइतबार

सङ्ग्रहालय भित्र रहेको आगन्तुक पुस्तिकामा दर्शक प्रतिक्रियाको एक नमूना

संयुक्त साज्य अमेरिकाका Dr. Skylar Woodman आफ्नो हृदयलाई यति नजिकबाट आजसम्म कसैको कलाले नछोएको धारणा राख्दछन् । उनकै शब्दमा-

"I feel in awe and in amazement to see such colorful and detailed paintings. The meaning behind the works pierce my flesh and speaks to my soul. No other artist has touched me in such a profound way."

(सङ्ग्रहालयमा रहेको प्रतिकिया पुस्तिकावाट साभार)

मानव जीवनको मूल्य मान्यता के हो र कसरी जीवन सफल हुन सक्दछ भन्ने सन्देश प्राप्त भएको धारणा दमक झापाका पूर्व शिक्षक तथा समाजसेवी उपेन्द्र सापकोटाको रहेको छ । उनले सङ्ग्रहालयबाट मानवजीवन के हो र मानवले आफ्नो जीवनकालमा के कस्ता कार्य गर्न सकेमा जीवन सफल बनाउन सकिन्छ भन्ने कुराको यथेष्ट ज्ञान प्राप्त भएको महसुस भएको धारण उल्लेख गरेका छन् ।

त्यस्तै देशले मागेको शान्ति, प्रकृतिको अनुभूति र विकृतिहरूको अन्त्यका लागि स्वामीज्यूले देखाउन खोज्नुभएको मार्गदर्शन भावी पिँढीका लागि एक कोशेढुङ्गा सावित हुने विश्वास रहेको धारणा दावा गुरुङ्गको रहेको छ । आध्यात्मिक पत्रकार शिरोमणि दवाडीले चित्रहरू ज्यादै गहन, विशेष र अर्थपूर्ण रहेको अभिव्यक्ति राखेका छन् । नवलपुर गैंडाकोटका कलाकार भीमप्रसाद शर्मा स्वामी चन्द्रेश जस्ता त्यागी स्रष्टाहरूको जरुरी रहेको धारणा आफ्नो शब्दमा यसरी व्यक्त गरेका छन् । उनकै शदमा -

"स्वामी चन्द्रेशज्यूको जस्तो ब्रह्माण्ड, देवत्व, मानवीयता र प्रकृतिका लागि समर्पण भाव भएका सर्जकहरू यस सृष्टिमा थपिँदै जानुपर्छ र मात्र विश्व शान्ति र विश्वप्रेमको वातावरण बनिरहन्छ ।"

(सङ्ग्रहालयमा रहेको प्रतिकिया पुस्तिकावाट साभार)

अन्ततः यी प्रतिनिधि प्रतिक्रियाहरूलाई हेर्दा दर्शकहरूले कलाकार चन्द्रेशका कलाकृतिबाट आध्यात्मिक जागरणका सन्देश तथा प्रेरणा प्राप्त गरेको देखिन्छ । एक साधक, योगीको ज्ञान, चेतना रङ्ग, रेखामार्फत बगिरहेको देखिन्छ । चित्र कोर्दा एक कलाकारलाई प्रभाव पारेको विषयवस्तु हुनुपर्दछ । चित्र हृदयको अभिव्यक्ति हो । अतः स्वामी चन्द्रेश के भन्न, सिकाउन चाहनुहुन्थ्यो भन्ने कुरा दृश्यको रूपमा बुझ्न यी चित्रहरू प्रभावकारी माध्यम बनेका छन् ।

स्वामी चन्द्रेशसँग मेरो भेट

शिवपुरीमा लामो समय साधना गरेका साधु, आश्रम र स्कूल सञ्चालन गरेर बूढानीलकण्ठमा बसेका स्वामी चन्द्रेश दर्शन, सङ्गीत र कलामा पोख्त छन् भन्ने चर्चा मसिनो तवरमा मैले सुनेको थिए, तर के संजोग पऱ्यो म धेरै पटक बूढानीलकण्ठ पुगे पनि आश्रम घुम्ने तथा गुरुदेवसँग भेट्ने सन्दर्भ नै जुरेको थिएन । कोभिड मारामारीको केही महिनाअगाडि जस्तो लाग्छ आश्रमका भक्त मेरा एक मित्र मार्फत आश्रम टेक्ने मौका मिल्यो । त्यस दिन त्यहाँ भजनको कार्यक्रम थियो । गुरुदेवकै कोठामा सबै भक्तहरू बसेर भजन र भोजन गरेको मलाई याद छ । त्यसपछि सम्बन्ध बाक्लिँदै गयो । कला र कलाकारप्रति गुरुदेवको अगाध प्रेम रहेछ । म चित्र बनाउँछु भने पछि मलाई गुरुदेवले फरक दृष्टिकोणले हेर्नुभएको महसुस भयो । मोबाइलमा भएका मेरा केही सृजना उहाँले हेर्ने चाहना गर्नुभयो । मैले पनि देखाएँ । मेरो विषय चयन र कला शैलीलाई गुरुदेवले प्रशंसा पनि गर्नुभयो । अब कहिले आउँछौ ? आइराख, तिमीजस्तो कलाकारलाई यो आश्रमको द्वार सँधै खुल्ला छ । गुरुदेवको यो वाणी मेरो कानमा अझै पनि गुञ्जिरहेको छ । सायद गुरुलाई भेट्न आउने धेरै थरीका मानिसका भीडमा कलाकार दुर्लभ रहेछ कि ! शारीरिक अशक्तता र कला सृजना गर्न असमर्थ अवस्था भएकाले हुनुपर्दछ, गुरुदेवलाई म भेट्दा पुरानो स्मृति (Nostalgia) भएको जस्तो आभास मलाई भयो ।

पहिलो भेटमा नै गुरुदेवको र मेरो कलाका विविध विषयहरूमा धेरै कुराकानी भए । आश्रममा रहेको गुरुदेवको चित्रहरू पनि हेरें । गुरुदेवको कला साधना वास्तवमै प्रशंसनीय रहेको छ । विषयगत विविधता तथा शास्त्रीय चिन्तनका प्रमुख विषयहरूलाई रङ्ग र रेखाको माध्यमद्वारा खालि कागज तथा क्यानभासमा भएको प्रस्तुति अनुकरणीय रहेको छ ।

एक प्रसङ्गमा गुरुदेवले मसँग आश्रममा रहेको सङ्ग्रहालय सुधारको बारेमा धारणा माग्नुभयो । मैले उहाँलाई सङ्ग्रहालयमा आवश्यक रहेका विषयहरू जानकारी गराएँ । क्याटलगिङ र कला संरक्षण अति नै महत्त्वपूर्ण चुनौतीका रूपमा थिए । गुरुदेव सो समयमा ह्विल चियरमा हुनु हुन्थ्यो र स्वास्थ्य स्थिति स्थिर थिएन, तसर्थ सयमा नै हरेक रचनाप्रति कलाकारको धारणा लिपिबद्ध गर्न सकिएन भने कालान्तरमा सर्जकको विचार नभई समीक्षकको विचारमा सीमित हुनुपर्ने अवस्था आउने थियो । धेरै कागजमा रहेका चित्रहरू कीराले खाइरहेका थिए । मैले यी समग्र विषयको जानकारी गराएपछि विषयको गम्भीरतालाई बुझेर गुरुदेवले, सुझाव अनुरूप तत्काल काम अघि वढाउन निर्देशन दिनुभयो । मैले सुझाए वमोजिम हुने भएकोले होला सायद मलाई उहाँले जिम्मेवारी पनि दिनुभयो । पटकपटकको आउजाउ गरेर करिब १ वर्षजतिको समयमा ग्यालरी आजको आवरणमा आइपुग्यो । सङ्ग्रहालयको नामकरण गुरुदेवको सुझाव अनुरूप 'स्वामी चन्द्रेश कला सङ्ग्रहालय' राखियो । ग्यालरी उद्घाटनको विशेष कार्यक्रममा मलाई गुरुदेवले दोसल्ला तथा प्रशंसा पत्रले सम्मान गर्नुभएको छ । यी विषयले म गुरुदेव र आश्रमप्रति कृतज्ञ छु, ऋणी छु ।

कला कार्यशालाप्रति गुरुदेवको ठूलो रुचि थियो । गुरुदेव हातले राम्रोसँग ब्रस समाउन सक्ने अवस्थामा हुनुहुन्नथ्यो । 'म फेरि चित्र बनाउन सक्छु होइन ?' उहाँ पटकपटक सोधिरहनुहुन्थ्यो । कलाजन्य गतिविधिमा उहाँको अगाध रुचि थियो, तर यो सफल हुन सकेन ।

हरेक भेटमा गुरुदेवको मसँग प्रायः कला र साधनाकै बारेमा कुराकानी हुने गर्दथ्यो । सङ्ग्रहालय व्यवस्थापनको काम सकेर म घर फर्कनलाई बिदा हुँदै थिएँ । गुरुदेवले मेरो कामको प्रशंसा गर्नुभयो । गुरुद्वारा प्रशंसित हुनु पनि भाग्यकै कुरा हो जस्तो लाग्यो किनकि समाजमा हुने घृणा या प्रशंसा दुवै स्वार्थकै आधारमा हुने गर्दछ । त्यागीको प्रशंसा वास्तवमै निःस्वार्थ हुन्छ । मलाई त्यही अनुभूति भयो । "हेर सुवास ! यो आश्रम कलाकार, साहित्यकार र साधकहरूको तपस्थली हो । यहाँ नयाँ नयाँ साधकहरूद्वारा कला, साहित्य र सङ्गीतको साधना भइरह्यो भने मात्र यो आश्रम र मेरो साधनाको सार्थकता रहन्छ । तिम्रो लागि यो आश्रमको द्वार सँधै खुल्ला छ, रहनेछ । मेरो कलालाई तिमीले चिन्यौ र बचाउने काम गऱ्यौ । कला सृजना मात्रले हुँदैन संरक्षण पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ । त्यो काम तिमीले गऱ्यौ । यो अति उत्तम कार्य हो । आश्रम आउन नछोड्नु । तिमीलाई सधै स्वागत छ मेरो शुभकामना ।" गुरुदेवको यो भावना, वचन र आशीर्वाद नै वास्तवमा ठूलो कृपा हो ।

उपसंहार

कला समीक्षा आफैमा जटिल विषय हो । सांसारिक व्यक्तिले एक फकिर तपस्वीका रेखा, रङ्ग, विम्बलाई विश्लेषण गर्नु भनै चुनौतीपूर्ण विषय हो । उपलब्ध भएका सामग्रीहरूको विश्लेषण तथा गुरुदेवसँगको सङ्गतलाई आधार मानेर गरेको यो लेखको सार भनेकै कलाकार चन्द्रेश रङ्ग, विषयवस्तु चयन तथा प्रस्तुतिको हिसाबले एक कुशल कलाकार रहेको कुरामा दुई मत हुन

सक्दैन । वालापनमा देखिएको प्रतिभा व्यक्तिको अन्तिम समयसम्म पनि साथमा रहन्छ भन्ने कुरा कलाकारको ७ वर्षको उमेर देखि ७० वर्षको उमेरसम्म निरन्तर चलेको कला सृजनाले देखाउँछ ।

बङ्गालको जन्म, शैशवकालमा भारतमा हुर्कनुभएका र नेपाल कर्मथलो पंक्षी झैँ सीमाविहीन जीवन नै आज भौतिक घेरा र सीमाहरूमा जेलिएको हाम्रो जीवनलाई सार्थक बनाउन गुरुदेवको जीवनबाट ग्रहण गर्नुपर्ने शिक्षा हो, मार्गदर्शन हो । दर्शन, साहित्य, सङ्गीत र कलामा समानान्तर प्रतिभा प्रस्तुत गरेका कलाकार स्वामी चन्द्रेशको जीवनकालमा अभिव्यक्त दर्शन, साहित्य, कला र सङ्गीतको संरक्षण, प्रवर्द्धन गर्न अभिप्रेरित हुनु नै गुरुदेवप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ ।



स्वामी चन्द्रेशका साथमा विमल अर्याल ।



स्वामी चन्द्रेशका साथमा सुवास आचार्य ।



स्वामी चन्द्रेशका साथमा शैकत पोद्दार ।



स्वामी चन्द्रेशका साथमा हरि ढकाल ।

स्वामी चन्द्रेशका साथमा विवेक पौडेल ।



स्वामी चन्द्रेशका साथमा अर्जुनराज मिश्र ।

परमहंस स्वामी चन्द्रेश स्मृतिग्रन्थ

सम्पादक मण्डल

स्वामी गुञ्जन

ठाकुर शर्मा भण्डारी

त्रिलोचन आचार्य

श्रीश भण्डारी

द्वारिका चौलागाईं

कम्प्युटर टङ्कन

योगी दिनेशकुमार

दामोदर न्यौपाने

आमोद ढकाल

कम्प्युटर सेटिङ्: दीपक महर्जन

एन्जो डिजाईन / फोन: ०१-५४०९१२४

प्रकाशक:

बूढानीलकण्ठ आश्रम

बूढानीलकण्ठ नगरपालिका वडा नं.-३,

गैरीगाउँ, काठमाडौं, नेपाल

सम्पर्क: ०१-४३७०२०२, ९८५१०२२३५९

इमेल: ashramschool1989@gmail.com

मुद्रण:

नेशनल मानसरोवर प्रिन्टिङ्ग प्रेस प्रा.लि.

नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-५१७२०७७, ९८५१०५८३४७

ईमेल: nmsprintingpress@gmail.com

प्रकाशन मिति: वि.सं. २०८१ कार्तिक

संस्करण: पहिलो

मुद्रण संख्या: १,००१ प्रति

ISBN: 978-9937-9203-1-5

सहयोग स्वरुप: रु. १,१११।- (एक हजार एक सय एघार मात्र)

© बूढानीलकण्ठ आश्रममा सर्वसत्व संरक्षित

ॐ

परमहंस

स्वामी चन्द्रेश

स्मृतिग्रन्थ

बूढानीलकण्ठ आश्रम



हरेक प्रिय वस्तुहरूमा क्षणिक र नश्वर भाव निरन्तर आरोपित गर्दागर्दै अन्त्यमा उक्त वस्तुप्रतिको मोह घटेर गई मानिसमा आध्यात्मिक विवेक उत्पन्न हुन जान्छ । मोहबाट शोक र शोकबाट दुःख उत्पन्न भई मानिसको जीवनीशक्तिलाई यसले छिट्टै नै क्षय गर्दछ । नश्वर वस्तुप्रतिको अत्यधिक मोहको कारणले उत्पन्न भएको शोकबाट ग्रस्त भएर निरस र निरानन्द दिन बिताउनेहरू यस पृथ्वीमा हजारौं छन् । त्यसकारण जबसम्म मानिसमा आध्यात्मिक विवेक जागरित हुँदैन तबसम्म उसले जीवनलाई यथार्थ रूपमा उपभोग गरी त्यसबाट सही आनन्द प्राप्त गर्न सक्दैन ।

जीवनमा गरेको हरेक कर्मबमोजिम प्रतिक्रिया भोग्नुपर्छ । कुनै पनि काम कहिल्यै बेकार हुँदैन भन्ने कुरा सधैं याद राख्नुपर्छ, तर राम्रो नराम्रो सबै कर्मले नै उसलाई अन्ततोगत्वा आध्यात्मिक प्रगतिको बाटोमा लाग्न मद्दत पुऱ्याएको हुन्छ । नराम्रो नहुँदो हो त राम्रोको पनि वास्तविक महत्व हुने थिएन, रात नभए दिनको महत्त्व नभएजस्तो । पुण्यकर्म नभए मानिसले सत्यको पनि अनुभव गर्न सक्ने थिएन । परमज्ञानस्वरूप परमात्मा आकाशजस्तो राम्रो नराम्रो दुवैभन्दा माथि हुनुहुन्छ । गर्जन गर्ने घनघोर कालो बादल अथवा रङ्गीन मेघले छोपेको भन्दा निर्मल आकाश देख्दा मानिसलाई बढी प्रसन्नता प्राप्त हुन्छ । अतः जसरी नराम्रोलाई घृणा गर्नु उचित छैन, त्यसैगरी राम्रो गरेर पनि घमण्डले प्रमत्त हुनु शोभनीय हुँदैन । राम्रो नराम्रो दुवै स्थितिमा चित्तको साम्यता राखेर काम गर्दै गएमा सफलता आउँछ ।

- स्वामी चन्द्रेश

ISBN: 9789937920315